# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
## गोठगाउँ, मोरङ


च.नं.

मितिः ........................................

**अस्पताल निर्देशक पदका लागि दरखास्त आवाहन सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८१/१०/२७ गते)**

पूर्वाञ्चल विश्वविद्यालय कार्यकारी परीषद्को निर्णय नं. ७३२६ तथा पूर्वाञ्चल विश्वविद्यालय शिक्षण अस्पताल संचालन सम्बन्धी कार्य व्यवस्थापन विनियम २०८० को परिच्छेद ३ बमोजिम खुल्ला प्रतिस्पर्धाबाट पू. वि. शिक्षण अस्पतालको रिक्त अस्पताल निर्देशक पदका लागि योग्य उम्मेदवारले मिति २०८१।११।११ गते सम्म Online माध्यमबाट देहाय बमोजिम कागजातहरू सहित vacancy@pufomas.edu.np मा दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**देहायः**

१. **योग्यता तथा अनुभवः**

(१) नेपाली नागरिक,

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट MD/MS/MDS तहको शैक्षिक कार्यक्रम उत्तिर्ण गरी Nepal Medical Council मा Specialization को दर्ता भएको,

(३) प्राध्यापक वा सह प्राध्यापक पदमा रही कार्य गरेको,

(४) व्यवस्थापकिय सीप (Professional Experience), क्षमता र अनुभव भएको,

(५) अस्पताल प्रशासन सम्बन्धी अनुभव भएको

(६) कुनै देशको आवासिय अनुमति पत्र नलिएको,

(७) फौजदारी अभियोगमा दोषी ठहर नभएको,

२. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातः**

(१) दरखास्त फारम

(२) Biodata/CV

(३) नेपाली नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित छाँयाप्रति,

(४) शैक्षिक योग्यता सम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,

(५) अस्पताल प्रशासन सम्बन्धी अनुभव भएको स्वयम् प्रमाणित छाँयाप्रति

(६) सम्बन्धित क्षेत्रमा पाँच वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने संस्थागत प्रमाणित कागजातहरू,

(७) उम्मेदवारले देहायका विषयमा स्वयम् घोषणा गरेको कागजात पेश गर्नुपर्नेछ,

क) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नभएको,

ख) पूर्वाञ्चल विश्वविद्यालयसंग कुनै किसिमको स्वार्थ (Conflict of Interest) नभएको

(८) अनुसन्धान कार्य, स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल, Peer Review मा प्रकाशित लेख सम्बन्धि प्रमाणित सामाग्रीहरू

फोन नं.: ०२१-४२५००९ फ्याक्स नं.: ९७७-२१-४२५००८, इमेलःmedicaldean@purbuniv.edu.np, गोठगाउँ, मोरङ

**३. अवधारणापत्र सहितको कार्ययोजनाः**

(१) कम्तिमा २५०० शब्दसम्मको रणनितिक कार्ययोजना

(मानव संसाधन व्यवस्थापन, संचालनात्मक दक्षता, सेवा प्रवर्द्धन, डिजिटलाईजेसन र सामुदायिक कार्यक्रम)

(२) नेपाली वा अङ्ग्रेजी भाषामा A4 साइजको कागजमा कम्प्युटर टाइप गरिएको हुनुपर्नेछ,

**४. दरखास्त सङ्कलन र मूल्याङ्कनः**

(१) दरखास्त सङ्कलन सम्बन्धी कार्य तोकिएको अवधिभर कार्यालय समयभित्र पूवि. चिकित्साशास्त्र संकायको सूचना बमोजिम हुनेछ ।

(२) रित नपुगेको आवेदन फारम उपर कुनै कारबाहि हुने छैन ।

(३) दरखास्त फारम पूवि. चिकित्साशास्त्र संकायको वेवसाइट https://pufomas.edu.np/download/list बाट डाउनलोड गर्न सकिनेछ ।

(४) Shortlisted उम्मेदवारहरूलाई मात्र अन्तवार्तामा समावेश गराईने छ ।

(५) दरखास्त सम्बन्धी कुनै द्विविधा भएमा यस संकायको सम्पर्क नं. ९८५२०२०४१३ मा सम्पर्क गर्न सकिनेछ ।

**द्रष्टव्यः** यस सूचनामा केहि त्रुटीहुन् गएमा सो सच्याउने सर्वाधिकार पू. वि. चिकित्साशास्त्र संकाय, डीन कार्यालयमा सुरक्षित रहने छ ।

डीन
चिकित्साशास्त्र संकाय